HUMAN RIGHTS WATCH

# खोसिएको भविष्य

## अपाङ्गपन भएका नेपाली बालबालिकाको शिक्षामा रहेका व्यवधानहरू

# सारांश

अमन १६ वर्षका बालक हुन्। शारीरिक अपाङ्गताले उनको हिँडाइ र बोलीलाई प्रभावित पारेको छ। सुदुर पश्चिम नेपालको एउटा गाउँका अमन दुई वर्ष अघि मात्र स्कूल जान थालेका हुन्। उनी अहिले कक्षा २ मा पढ्छन्। उनीसित पढ्ने साथीहरू सातदेखि दश वर्षसम्मका छन्। उनका ११ वर्षका भाइ पनि त्यही स्कूलमा पढ्नछन् तर उनी भने कक्षा ४ मा छन्।

अमन ट्राइसाइकल (तीनपाङ्ग्रे साइकल) प्रयोग गर्छन्। उनको ट्राइसाइकल उनकी आमाले वा समुदायका अरू बालबालिकाले ठेलिदिन्छन्। स्कूलको प्रवेशद्वारमा दुईवटा ठाडा सिँढी छन्। त्यहाँ आफ्नो ट्राइसाइकल गुड्ने करालो बाटो (र्‍याम्प) नभएकाले  त्यसैले त्यो अमन घिस्रिएर कक्षा कोठामा जान्छन्।

उनकी आमा लक्ष्मीले *ह्युमन राइटस् वाच*लाई बताइन्,
अमन एउटा सानो कुर्सीमा कुनामा (एक्लै) बस्छ। कहिलेकाहीँ उसको र्‍याल चुहिने भएकाले पनि अरू केटाकेटी उसका छेउमा बस्न अप्ठ्यारो मान्छन्।

अमनले बिहान १० बजेदेखि साँझ ४ बजेसम्म दिसापिसाप रोकेर बस्नुपर्छ। उनलाई दिउसो चर्पी जान पर्‍यो भने कुनै बालबालिका उनका घरमा गएर आमालाई बोलाइदिनु पर्छ। शिक्षकहरूले उनकी आमालाई अमनको पेट गडबड भएका बेला स्कूल नल्याउनू भनेका छन्।

***

कृष्ण पाँच वर्षका हुँदा डाक्टरले उनकी आमालाई विकासमा ढिलाइका कारण उनले "समान्य बालक" का रूपमा जीवन बिताउन सक्दैनन् भन्ने कुरा बताए। उनका आमाबाबुले उनलाई स्कूलमा भर्ना गराउन खोजे तर उनलाई भर्ना लिन न त कुनै सामुदायिक विद्यालय तयार भए न त

कुनै निजी विद्यालय नै। "उसलाई १० बजेदेखि ३ बजेसम्म स्कूलमा राख्न पाए परिवारलाई ठूलो मदत हुनेथियो," उनकी आमा बताउँछिन्।

तर कृष्ण दिनभरि नै आफ्नो घरको एउटा कोठामा थुनिएका हुन्छन्। उनकी आमाले *ह्युमन राइटस् वाच*लाई बताइन्,
म उसलाई खाना दिन्छु, चिया पनि लगिदिन्छु। कोठामा दिसापिसाप गर्छ, त्यो पनि सफा गर्छु। मैले त सिङ्गै घर हेर्नुपर्छ, उसलाई मात्र हेरेर बस्न सक्दिन। म उससित मात्र बस्न थालेँ भने त अर्को बच्चाको बस छुट्छ, अरू सबै कुरा अस्तव्यस्त हुन्छ।
उनी कृष्णलाई दिनको एक दुई पटक खुला हावामा निकाल्छिन्।

***

शारीरिक अपाङ्गता भएकी युवती बालकुमारीले *ह्युमन राइटस् वाच*लाई बताए अनुसार ११ वर्ष नपुगुन्जेल उनी स्कूल गइनन्। उनका बाबुले बताए अनुसार हिँड्न गाह्रो हुने भएकाले उनी उनका भाइ बहिनी जाने सामान्य स्कूल जान सकिनन्। बरु उनलाई सुस्त मनस्थिति भएका बालबलिकाको कक्षामा भर्ना गरियो। उनले *ह्युमन राइटस् वाच*लाई बताइन्,
मलाई स्कूल मन परेन। बुवाले त्यहाँ लैजाँदा म रुने गर्थें। मलाई त्यहाँका अरू बालबालिका जस्ती छु जस्तो लाग्दैनथ्यो।
अपाङ्गताका कारण बालकुमारी जुत्ता लगाउन सक्दिनन् र बाटमा प्रायः फुटेका काँचका टुक्रा भइरहने हुनाले नाङ्गै खुट्टा स्कूल जान पनि गाह्रो छ। कुनै दिन उनले त्यत्तिकै घर फर्किनुपर्छ।

बालकुमारीमा आफ्नो समुदायका अपाङ्गता भएका बालबालिकालाई मदत गर्ने चाहना छ। उनी स्कूलले भर्ना लिन नमानेका बालबालिकाका घरघर जान्छिन् र उनीहरूलाई स्कूल पठाउन उनीहरूका बाबुआमालाई प्रोत्साहित गर्छिन्। उनी भन्छिन्,
म आफूजस्ता मानिसहरूको सेवा गर्न चाहन्छु। म स्कूल जान नसक्नेहरूलाई मदत गर्न चाहन्छु। मलाई (अपाङ्गपन भएका) बालबालिकाहरू आफ्नो नाम र ठेगाना लेख्न सक्ने होउन् भन्ने लाग्छ। उनीहरू हराए नै भने पनि आफ्नो ठेगाना लेख्न सक्छन् र कसैले उनीहरूलाई मदत गर्न सक्छ।

***

अपाङ्गता भएका बालबालिकाहरूको पनि अरू बालबालिका सरह स्कूलमा भर्ना हुन पाउने अधिकार छ। तर नेपालमा अपाङ्गता भएका दशौँ हजार बालबालिकाहरू यो अधिकारबाट वञ्चित छन्।

संसारमा अपाङ्गता भएका १८ वर्ष मुनिका बालबालिकाको सङ्ख्या १२ देखि १५ करोड रहेको छ।[1] युनेस्कोको अनुमान अनुसार संसारभरका स्कूल जान नपाएका ६ करोड ७० लाख बालबालिका मध्ये एक तिहाई अपाङ्गता भएका छन्।[2] कतिपय देशहरूमा अपाङ्गता भएका बालबालिकाको स्कूल नजाने सम्भावना अपाङ्गता नभएका बालबालिकाका तुलनामा दुईदेखि तीन गुणा बढी हुन्छ।[3]

नेपालमा अपाङ्गता भएका बालबालिका कति छन् र ती मध्ये कति स्कूल बाहिर छन् भन्ने कुराको स्पष्ट तथ्याङ्क छैन। २००१ को विश्लेषणमा आधारित सरकारको अनुदार तथ्याङ्क अनुसार नेपालमा न्यूनतम २०७,००० जना बालबालिकामा अपाङ्गता छ।[4]

नेपालले सहस्राब्दी विकास लक्ष्य हासिल गर्ने यसको प्रतिबद्धता अनुरूप प्राथमिक शिक्षामा अन्तर्राष्ट्रिय स्तर हासिल गर्ने दिशामा महत्वपूर्ण उपलब्धी हासिल गरे तापनि, अपाङ्गता भएका बालबालिका लगायतका सीमान्तीकृत समुदायका करीब २१८,००० बालबालिका स्कूल बाहिरै छन् भन्ने कुरा नेपाल सरकार र संयुक्त राष्ट्रसंघ दुवैले स्वीकार गरेका छन्।[5]

---

[1] UNESCO, “Education: Primary Education,” 2011, http://portal.unesco.org/education/en/ev.php-URL_ID=32969&URL_DO=DO_TOPIC&URL_SECTION=201.html (accessed June 1, 2011). The WHO estimates that between 93 million and 150 million children (0–14 years) live with a disability. World Health Organization, "World Report on Disability," 2011, http://whqlibdoc.who.int/publications/2011/9789240685215_eng.pdf (accessed June 13, 2011).

[2] UNESCO, Education for All Global Monitoring Report 2007, p. 74. UNESCO, Education For All Global Monitoring Report 2011, p. 1.

[3] UNESCO, "Education for All Global Monitoring Report 2008: Education for All by 2015 - Will We Make It?," 2008, http://www.unesco.org/new/en/education/themes/leading-the-international-agenda/efareport/reports/2008-mid-term-review/ (accessed August 4, 2011), p. 48. A. Eide and M. E. Loeb, "Living Conditions among People with Activity Limitations in Zambia," September 2006, Oslo. A. Eide, S. Nhiwathiwa, J. Muderedzi, and M. E. Loeb, "Living Conditions among People with Activity Limitations in Zimbabwe," 2003, Oslo. A. Eide and M. E. Loeb, "Living Conditions among People with Activity Limitations in Malawi," 2004, Oslo.

[4] National Planning Commision/UNICEF/New Era, “A situation analysis of disability in Nepal,” 2001, http://rcrdnepa.files.wordpress.com/2008/05/a-situation-analysis-of-disability-in-nepal-2001.pdf (accessed May 27, 2011). In 2009, UNICEF reports that there were 12,712,000 children in Nepal in 2009. UNICEF, “Statistics: Demographic Indicators,” 2009, http://www.unicef.org/infobycountry/nepal_nepal_statistics.html#78 (accessed May 16, 2011).

[5] Government of Nepal, National Planning Commission/United Nations Country Team of Nepal, “Nepal Development Goals, Progress Report 2010,” September 2010, http://www.undp.org.np/pdf/MDG-Layout-Final.pdf (accessed June 4, 2011), p. 29. Education For All Fast Track Initiative, “Joint Appraisal Document,” 2010, http://issuu.com/efa-fti/docs/np-ssrp-jad-082109-cln/48?mode=a_p (accessed June 16, 2011), p. 43.

नेपालले अपाङ्गता भएका बालबालिकाले समाहित शिक्षा लगायतका अन्य बालबालिकाले जस्तै सबै अधिकार पाउनुपर्छ भन्ने कुरा लेखिएको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी राष्ट्रसंघीय महासन्धी (CRPD), लगायत कैयन् अन्तर्राष्ट्रिय मानव अधिकार महासन्धीहरूमा हस्ताक्षर गरेको छ। यसको अर्थ हो, अपाङ्गता भएका वा नभएका दुवैथरी बालबालिकाले कुनै पनि भेदभाव बिना आफ्नो समुदायको स्कूलमा पढ्न सक्नु पर्छ। यस्तो परिपाटीको उद्देश्य सबै विद्यार्थीको आवश्यकता  पूरा गर्ने किसिमले त्यहाँको परिवेश र शिक्षण विधिको सिको गर्नु हो।

सिद्धान्ततः सरकारले समाहित शिक्षा नीतिलाई बढावा दिए पनि व्यवहारमा भने यसले अपाङ्गता भएका बालबालिकालाई मूलधारका स्कूलहरूमा पढाउन डिजाइन गरिएको पृथक्कृत स्रोत कक्षा र शारीरिक र बौद्धिक अपाङ्गता भएका बहिरा र अन्धा बालबालिकाका छुट्टै स्कूलहरूलाई सहयोग पुऱ्याउँछ। यसले स्रोत कक्षा र विशेष स्कूलहरूबाट पूर्ण समाहित शिक्षामा रूपान्तरण हुन समय लाग्छ। तर अपाङ्गता भएका, अझ खासगरी बौद्धिक अपाङ्गता भएका बालबालिकाले स्कूल जान पाउन्, र उनीहरूका लागि शिक्षा प्रणाली सुलभ, उपयुक्त र स्तरीय होस् भन्ने दिशामा सरकारले केही गरेको छैन। यसका साथै सरकारको समाहित शिक्षाको नीतिमा गम्भीरताको अभाव देखिन्छ किनभने त्यसमा मूलधारका स्कूलहरूमा अपाङ्गता भएका, खासगरी बौद्धिक र विकास सम्बन्धी समस्या भएका बालबालिकालाई समेट्ने स्पष्ट योजना छैन।

यो रिपोर्ट २०११ को फेब्रुअरीदेखि जुलाईसम्ममा अपाङ्गता पक्षधरहरू, शिक्षक, सरकारी अधिकृत, बालबालिका वा अपाङ्गता भएका युवाहरू र तिनका परिवारजन गरी करीब १०० जनासित गरिएको अन्तर्वार्ताको परिणाम हो। यसले अपाङ्गता भएका बालबालिकाले समाहित र स्तरीय शिक्षा पाउनमा भोग्नु परिरहेका व्यवधानहरूका बारेमा मूल्याङ्कन गरेको थियो।

*ह्युमन राइटस् वाच*ले अन्तर्वार्ता गरेका २९ जना अपाङ्गता भएका बालबालिका र युवाहरू वा तिनका परिवारका सदस्यहरूमध्ये आधाभन्दा धेरैले ती बालबालिकाहरू औपचारिक स्कूल जाँदैनन् भन्ने कुरा बताए। ती सबैलाई सामुदायिक हुन् वा निजी, स्कूलले भर्ना लिन अस्वीकार गरेका थिए। ती बालबालिकाका आमाबाबुलाई आफ्नो बालबालिकाको स्कूल जान पाउने अधिकार छ भन्ने पनि थाहा थिएन।

शिक्षा मन्त्रालयका अधिकृतहरूले *ह्युमन राइटस् वाच*लाई बताए अनुसार अरू बालबालिकाका तुलनामा अपाङ्गता भएका बालबालिकाहरूको भर्नादर कम छ र स्कूल छाड्ने दर बढी छ। हाम्रो अनुसन्धानका आधारमा भन्ने हो भने यसका विभिन्न कारणहरूमा शिक्षाको अधिकारका बारेमा चेतना नै नभएका बाबुआमा, पर्याप्त तालिम नपाएका शिक्षकहरू, उपयुक्त शैक्षिक सामग्रीहरूको

अभाव, टाढा वा अभेकमा भएका स्कूलहरू, परिवहनका लागि खर्चको अभाव तथा आफ्ना बालबालिकाको सिक्ने क्षमताका बारेमा नकारात्मक सोचाइ राख्ने बाबुआमा आदि हुन्। *ह्युमन राइटस् वाच*ले भ्रमण गरेका प्रत्येक रिसोर्स केन्द्रमा भर्ना भएका कुल १५ २० जनामा आधाभन्दा कम मात्र उपस्थित थिए।

समावेशी र "बालबालिका सुहाउँदा" स्कूलहरू [6] तयार गर्ने सरकारी नीति हुँदा हुँदै पनि अपाङ्गता भएका बालबालिकाका लागि स्कूलहरूलाई सहज बनाउन सफल भएको छैन। फलतः कतिपय अवस्थामा बालबालिकाहरूको शिक्षाको अधिकार कुण्ठित हुन पुगेको छ। अपाङ्गता भएका बालबालिका र युवाहरू वा तिनका परिवारका सदस्यहरूले *ह्युमन राइटस् वाच*लाई भौतिक सुविधा ऱ्याम्प, अपाङ्गता अनुकूल चर्पी, सञ्चारमा भएका व्यवधान (सङ्केत भाषाको तालिम वा ब्रेल लिपि सिकाउने साधनहरू) र फरक सिकाइ आवश्यकता भएका बालबालिकाका लागि मिल्दो पाठ्यक्रम आदिका दृष्टिबाट स्कूलमा पहुँचको समस्याका बारेमा बताए। अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी राष्ट्रसंघीय महासन्धी (CRPD) अन्तर्गत नेपालले बालबालिका विशेषको आवश्यकता अनुसार स्कूलको वातावरणमा सुधार गर्नु पर्छ जसले गर्दा अपाङ्गता भएका बालबालिकाले पनि अरू सरह स्कूलमा पढ्न सकून्।

यसका अतिरिक्त स्कूलहरूमा प्रायः पर्याप्त शिक्षकहरू हुँदैनन्, लचिलो पाठ्यक्रम हुँदैन र शिक्षण सामग्रीको पनि कमी नै हुन्छ। फलतः अरूका तुलनामा अपाङ्गता भएका बालबालिकाले कम स्तरीय शिक्षा पाउँछन्। सरकारले उपलब्ध गराउने न्यूनतम विशेष शिक्षा तालिम पनि विशेष स्कूल वा स्रोत कक्षाका शिक्षकहरूमा सीमित छ। मूलधारका स्कूलका शिक्षकहरूले अपाङ्गता भएका बालबालिकालाई कक्षामा कसरी एकाकार गराउने भन्ने बारेमा पर्याप्त तालिम नपाएका हुनाले समाहित शिक्षाका सिद्धान्तहरू पनि कमजोर हुन पुग्छन्। बौद्धिक अपाङ्गता वा विकाससित सम्बन्धित समस्या भएका बालबालिकाका लागि गैरसरकारी संस्था वा अभिभावक समूहहरूले चलाएका दिवा स्याहार केन्द्रका कर्मचारीहरूका लागि सरकारले कुनै पनि तालिमको व्यवस्था गरिदिएको छैन।

---

[6] UNICEF has developed a framework for rights-based, child-friendly schools and educations systems that are characterized as "inclusive, healthy and protective for all children, effective with children, and involved with families and communities - and children". UNESCO and Sheldon Shaeffer, "Progress on Programme Priorities: Improving Access to, and Quality of, Education," Education Update: Curriculum and Learning, 2000. UNICEF, "Life Skills: Child-friendly schools," October 8, 2004, http://www.unicef.org/lifeskills/index_7260.html (accessed May 12, 2011).

यसका अतिरिक्त, उनीहरूको क्षमता र आवश्यकतालाई वास्ता नगरी अझसम्म पनि सबै बालबालिकाले एउटै पाठ पढ्न् भन्ने अपेक्षा गरिन्छ। फलतः मूलधारका स्कूलमा पढ्ने अपाङ्गता भएका बालबालिका पटक पटक अनुत्तीर्ण हुन्छन् र उनीहरूले कक्षा दोहोऱ्याउनु पर्छ। कोहीबेला त बालबालिकाले एउटै कक्षा कैयन् पटक दोहोऱ्याएका छन्। "सुस्त मनस्थिति भएका" बालबालिकाका लागि डिजाइन गरिएका स्रोत कक्षामा त बर्सौंसम्म पनि विद्यार्थीहरू एउटै कक्षामा रहेका देखिन्छन्।[7]

स्रोत कक्षामा रहेका धेरैजसो अन्धा, बहिरा र बौद्धिक अपाङ्गता भएका बालबालिका स्कूलमा रहेको आवासीय सुविधाको उपयोग गर्छन्। १० वा त्यसभन्दा पनि बढी बालबालिकासँगै बसेर उनीहरू (जसमध्ये कोही कडा किसिमको अपाङ्गता भएका हुन्छन्) को हेरचाह गर्न सरकारीबाट तलब पाउने एकजना कर्मचारी हुन्छन्। शिक्षा विभागका नायब निर्देशकले बताए अनुसार दिनरात ती बालबालिकासित बिताउने यी कर्मचारीले कुनै पनि प्रकारको तालिम भने पाएका हुँदैनन्।

नेपालमा अपाङ्गपन भएका सबै बालबालिकाले सामाजिक सुरक्षा सुविधा तथा अपाङ्गता परिचय पत्र र अपाङ्गताको गम्भीरता अनुसारको भत्ता पाउनु पर्दछ। तर अपाङ्गता भएका बालबालिकहरूले सदरमुकाम (जहाँ कार्ड वितरण गरिन्छ) पुग्ने लामो दुरी, चर्को भाडाका कारण प्रायः यी सुविधाहरू पाएका छैनन् भन्ने कुरा *ह्युमन राइट्स वाच*को जानकारीमा आएको छ। यसको एउटा थप कारणका रूपमा यस्ता कार्ड लिनाले बालबालिकालाई थप भेदभाव हुनसक्छ र उनीहरू अझ पछि पर्छन् भन्ने बाबुआमाको गलत धारणा पनि पाइएको छ। अपाङ्गता भएका कतिपय बालबालिकाको अपाङ्गताको कहिल्यै पनि निदान भएको हुँदैन र कतिको गलत निदान भएको हुन्छ। यसले गर्दा पनि उनीहरूको शिक्षामा पहुँचमा नकारात्मक असर परिरहेको हुन्छ।

अन्तर्राष्ट्रिय र राष्ट्रिय कानून अनुसार निःशुल्करूपमा आधारभूत शिक्षा पाउनु अपाङ्गता भएका बालबालिकाको अधिकार हो। तर कतिपय अवस्थामा सरकारी विद्यालयमा पनि भर्ना शुल्क, परीक्षा शुल्क वा पोशाकका लागि भनेर परिवारहरूलाई पैसा तिर्न लगाइन्छ र त्यही कारणले गर्दा केही अभिभावकहरू आफ्ना बालबालिकालाई स्कूलमा भर्ना नै गर्दैनन् भन्ने *ह्युमन राइट्स वाच*को जानकारीमा आएको छ।

---

7 Disability advocates prefer the term "intellectual disability" as opposed to "mental retardation" because it reflects a rights-based approach and aligns with current professional practices to provide support tailored to individuals to enhance their functioning. American Association on Intellectual and Developmental Disabilities, "FAQ on Intellectual Disability," 2011, http://www.aamr.org/content_104.cfm (accessed August 9, 2011).

अपाङ्गता भएको आफ्नो छोराछोरीले स्कूलमा भर्ना नपाउनु धेरै आमाबाबुका लागि गम्भीर चिन्ताको विषय बन्न पुग्छ। कतिजनासित त अरू काम (घरका अरू काम गर्नु वा अरू केटाकेटी स्याहार्नु आदि) गर्नुपर्ने भएकाले अपाङ्गता भएको आफ्नो छोराछोरीलाई कोठामा थुन्नु वा खाँबामा बाँध्नु बाहेक अर्को उपाय हुँदैन। प्रायः बौद्धिक, मनोवैज्ञानिक र बहुअपाङ्गता भएका बालबालिकाले यस्तो व्यवहार पाउँछन् भन्ने *ह्युमन राइट्स वाच*को अनुसन्धानले सङ्केत गरेको छ।

शारीरिक दुर्व्यवहारका अतिरिक्त सबै किसिमका अपाङ्गता भएका बालबालिकाहरूले स्कूल र समुदायमा हेलाहोचो र नराम्रो बोलीबचन पनि बेहोर्नुपर्छ।

शिक्षा मन्त्रालयले समाहित शिक्षाका बारेमा जिल्ला शिक्षा अधिकारीहरूका लागि "अभिमुखीकरण" तालिम आयोजना गर्‍यो, जसले प्रत्येक जिल्लामा विद्यालय प्रशासक र शिक्षकहरूका लागि तालिम गर्नुपर्छ। समाहित शिक्षा शाखाका प्रमुख समेत रहेका शिक्षा विभागका नायब निर्देशकले बताए अनुसार "हामीले अवधारणाका बारेमा जानकारी गराएका छौँ तर यसको कार्यान्वयन विद्यालय व्यवस्थापन समिति र शिक्षकहरूमा भर पर्छ।"[8] एउटा छोटो अभिमुखीकरण तालिमले स्थानीय निकायका कर्मचारीहरूलाई शिक्षण विधि आत्मसात गर्ने र पाठ्यक्रम र विद्यालयको परिवेशलाई विविध सिकाइ आवश्यकताका विद्यार्थीहरूका लागि सुहाउँदो बनाउनका लागि शिक्षक र विद्यालय कर्मचारीहरूको तालिम गर्नका लागि आवश्यक सीपहरू प्रदान गर्न सक्दैन भन्ने कुरा स्पष्ट छ। परिणामतः सरकार आफ्नै समाहित शिक्षा नीति तथा अन्तर्राष्ट्रिय कानून अनुसार अपाङ्गता भएका बालबालिकाका लागि समाहित शिक्षा दिने स्कूल तयार गर्ने आफ्नै प्रतिबद्धता पूरा गर्न नसक्ने अवस्थामा छ।

अन्तर्राष्ट्रिय दाता र राष्ट्रसंघीय निकायहरूलाई अपाङ्गता भएका बालबालिकालाई स्कूलमा पढ्ने वातावरण मिलाउनका लागि पर्याप्त सार्थक प्रयास नभएको कुरा अवगत भए तापनि शिक्षाका लागि उपलब्ध स्रोत  अपाङ्गता भएका बालबालिकाले फाइदा पाउनेगरी, न्यायसङ्गत ढङ्गले र बिना भेदभाव वितरण होस् भन्नेतर्फ उनीहरूले पर्याप्त काम गरेका छैनन्।

अपाङ्गता भएका व्यक्तिहरू, खासगरी बालबालिकाप्रति नेपालको प्रतिबद्धताका हुँदाहुँदै पनि व्यावहारिक रूपमा सबभन्दा आवश्यक भएका ठाउँमा त्यसको कार्यान्वयन गर्नमा सरकार

---

[8] Human Rights Watch telephone interview with Arun Tiwari, Deputy Director, Department of Education, and Chief of the Inclusive Education Section, Ministry of Education of the Government of Nepal, June 7, 2011.

असफल भइरहेको छ। यसलाई सम्बोधन गर्नका लागि अन्तर्राष्ट्रिय दाताहरूका सहयोगमा नेपाल सरकारले अपाङ्गता भएका बालबालिकाका लागि स्कूलहरू उपलब्ध होऊन् र त्यहाँ उनीहरूले पहुँच पनि पाऊन् भन्ने कुराका साथै शिक्षकहरूमा सबै बालबालिकालाई समाहित र स्तरीय शिक्षा दिने सीप पनि होओस् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ। यो अधिकार रोजगारी, स्वास्थ्य, राजनीतिक सहभागिता जस्ता अन्य अधिकारहरूसित अविभाज्य छ। अपाङ्गता भएका बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउनमा असफल हुनु भनेको स्वास्थ्य र सामाजिक सुरक्षा जस्ता क्षेत्रको सामाजिक र आर्थिक बोझ बढ्नु पनि हो। युनेस्कोका अनुसार "सक्रिय र उत्पादनशील व्यक्तिहरू तयार गर्नका लागि (अपाङ्गता भएका व्यक्तिहरूको) शिक्षामा लगानी नगर्नु खर्चिलो र आर्थिक दृष्टिबाट एकदमै अविवेकपूर्ण साबित हुनसक्ने काम हो।[9]"

---

9 UNESCO, "Policy Guidelines on Inclusion in Education," 2009, www.unesdoc.unesco.org/images/0017/001778/177849e.pdf (accessed August 3, 2011), p. 13.

# सुझावहरू

प्रधानमन्त्रीको कार्यालय

- नीतिगत सुझाव र कार्यक्रम विकासका साथै अधिकार हनन भएका अवस्थामा उपचारका लागि सरकार अन्तर्गत अपाङ्गता आयोग स्थापना गर्ने।
- संयोजन र सूचना आदानप्रदानका तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी राष्ट्रसंघीय महासन्धी (CRPD) सम्बन्धी कार्ययोजनाहरूको विकास र कार्यान्वयनका लागि प्रत्येक सरोकारवाला मन्त्रालयमा सम्पर्क व्यक्ति नियुक्त गर्ने।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि कार्यान्वयन नभएका वा लागु नभएका कानूनी व्यवस्थाहरूका बारेमा उजुरी दर्ता गर्नका लागि व्यवस्था गर्ने वा विद्यमान व्यवस्थालाई सुदृढ गराउने।
- राष्ट्रिय योजना आयोगको आगामी तीन वर्षीय अन्तरिम योजना (TYIP) मा समाहित शिक्षा अभ्यास लागू गर्न र त्यसलाई टेवा दिनका लागि बजेटको व्यवस्था गर्ने।

शिक्षा मन्त्रालय

- निम्न प्रयोजनका लागि राष्ट्रिय शिक्षा विकास केन्द्रसित काम गर्नेः
    - समाहित शिक्षाका पद्धतिहरू प्रतिविम्बित गर्न र अपाङ्गता भएका बालबालिकाहरूका बारेमा यथेष्ट जानकारी दिन शिक्षक तालिम सामग्रीहरूमा परिमार्जन गर्ने।
    - सम्पूर्ण शिक्षक, विद्यालय प्रशासक, हेरचाहमा संलग्न व्यक्तिहरू तथा सामुदायिक विकास कार्यकर्ताहरूका लागि आधारभूत सङ्केतभाषा, अपाङ्गता भएका बालबालिकाहरूलाई हेप्ने, जिक्याउने र भेदभाव गर्ने र होच्याउने व्यवहार नगर्न र हुन नदिन के गर्ने जस्ता तालिम गर्नुपर्छ। प्रत्येक जिल्लामा शिक्षक र सामुदायिक विकास कार्यकर्ताहरूलाई विविध किसिमका अपाङ्गपन भएका बालबालिका र तिनका परिवारलाई सहयोग गर्न सक्ने गरी परामर्श (काउन्सेलिङ) तालिम उपलब्ध गराउने। कक्षा कोठा र सिङ्गै स्कूलमा अरू बालबालिकाबाट हुने हेप्ने, जिक्याउने जस्ता घटनालाई कसरी सम्बोधन गर्ने भन्ने बारेमा पनि तालिम उपलब्ध गराउने।
- नियमित अभिभावक बैठक समेतका माध्यमबाट अपाङ्गपन भएका बालबालिका र तिनका आमाबाबुलाई सूचनाको आदानप्रदान र दौँतरी -सहयोगका बारेमा तालिम र सहयोग उपलब्ध गराउने।

- खासगरी बौद्धिक र विकाससित सम्बन्धित अपाङ्गता भएका  बालबालिकालाई मूलधारमा स्कूलहरूमा एकीकरण गर्ने अपाङ्गता भएका व्यक्तिहरूको अधिकार (CRPD) मा आधारित समाहित शिक्षाको अवधारणालाई स्पष्ट पार्ने दीर्घकालीन समाहित शिक्षा योजनाको विकास तथा कार्यान्वन  गर्ने।
- अपाङ्गता भएका बालबालिकाहरूलाई शिशु विकास कार्यक्रममा प्रवेश गर्नसक्ने बनाउनका लागि समाहित शिक्षा प्रक्रियासित मिल्दोजुल्दो किसिमको समयमै पहिचान र निदान कार्यक्रम (early identification and intervention programs) को विकास गर्ने र त्यसलाई प्रभावकारी बनाउने।
- शिक्षक र विद्यालय प्रशासकहरूका लागि समाहित कक्षा कोठाको मापदण्ड र निर्देशिका तयार गर्ने र तोकिएको स्तर हासिल हुन सकोस् भन्ने उद्देश्यले कार्यविधि तयार गर्ने।
- निम्न उद्देश्यका लागि पाठ्यक्रम विकास केन्द्रसित सहकार्य गर्नेः
    - बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि उपयुक्त पाठ्यक्रम तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने।
    - साङ्केतिक भाषा तथा ब्रेलका माध्यमबाट सिक्ने बालबालिकाका लागि पाठ्यक्रमको विकास गर्ने।
- शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अपाङ्गता भएका बालबालिकाको भर्ना, स्कूल छोडाइ र उत्तीर्णताको तथ्याङ्क सङ्कलन गर्ने र त्यस तथ्याङ्कलाई अपाङ्गताको प्रकार अनुसार छुट्याउने।
- समाहित शिक्षा विधि लागु भएको कुरा सुनिश्चित गर्नका लागि जिल्ला शिक्षा अधिकृतहरू तथा मूल्याङ्कन केन्द्रका संयोजकहरूद्वारा विशेष स्कूल र स्रोत कक्षाहरू लगायत स्कूलहरूको सुपरीवेक्षणलाई प्रभावकारी र नियमित बनाउने।
- अपाङ्गता भएका बालबालिका तथा उनीहरूका आमाबुवा तथा परिवारका सदस्यहरूलाई परामर्श, नीति निर्माण तथा अनुगमन प्रक्रियामा सहभागी गराउने। विद्यालय व्यवस्थापन समिति र जिल्ला मूल्याङ्कन केन्द्रहरूमा समुदाय र परिवारको सहभागिता बढाउनका लागि रणनीतिहरू विकास गर्ने।
- अपाङ्गता भएका बालबालिकाका लागि लक्षित स्रोत लगायत समाहित शिक्षाका लागि पर्याप्त बजेट विनियोजन गर्ने र विकास सहयोगका लागि अनुरोध गर्ने।
- सूचना तथा सञ्चार प्रविधिको समेत प्रयोग गरेर ब्रेललिपि तथा ठूलो अक्षरका किताबहरूको उतार, उत्पादन र वितरणमा सुधार गर्ने।
- पहाडी र हिमाली क्षेत्रका अपाङ्गता भएका बालबालिकालाई स्कूल जानमा मदत गर्नका लागि आवासीय सुविधा उपलब्ध गराउने।

- अपाङ्ग र अन्य योग्य व्यक्तिहरूलाई शिक्षा क्षेत्रका रिक्त पदहरूमा आवेदन दिन प्रेरित गर्ने र उनीहरूलाई आवश्यक र उपयुक्त स्थान दिने।
- अपाङ्गता भएका बालबालिकाहरूबाट कुनै पनि प्रकारका शुल्कहरू नलिइयोस् भन्ने कुरा सुनिश्चित गराउने।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

- मुलुकका सम्पूर्ण कानूनहरूलाई विस्तारपूर्वक समीक्षा गरेर तिनलाई CRPD सँग सम्पूर्णरूपले मिल्दोजुल्दो बनाउने तथा लागूगर्ने।
- अपाङ्गता भएका व्यक्तिहरूका सङ्गठनहरू तथा अन्य सरोकारवालाहरूका साथमा अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनालाई CRPD का सापेक्षतामा समीक्षा गर्ने। अन्य सान्दर्भिक मन्त्रालयहरू समेतको सहकार्यमा CRPD का सापेक्षतामा एउटा उपयुक्त समायोजन नीति अङ्गीकार गर्ने।
- अपाङ्गता भएका बालबालिकाहरूसित सम्बन्धित तथ्याङ्कहरूमा परिमार्जन गर्ने र अपाङ्गताको प्रकार अनुसार छुट्याउने।
- अन्य कुराका अतिरिक्त अपाङ्गता भएका बालबालिकाहरू कहाँ छन्, उनीहरू कसरी स्कूल जान्छन् र कसरी सिक्छन् भन्ने कुराको नक्साङ्कन गर्न स्थिति विश्लेषण गर्ने।
- शिक्षा मन्त्रालयसितको सहकार्यमा आम नागरिक समूह, शिक्षक, विद्यालय प्रशासक र अभिभावकहरूलाई लक्ष्य गरेर अपाङ्गता भएका व्यक्तिहरूको शिक्षाको अधिकार, भेदभावको अन्त्य र अन्य अधिकारहरू सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।
- पहुँच सम्बन्धी राष्ट्रिय मापदण्ड निर्धारण गरेर त्यसलाई स्कूलहरूमा लागु गराउने।
- अपाङ्गता भएका बालबालिकाहरूका लागि जिल्ला प्रशासन कार्यालयबाट अपाङ्गता परिचयपत्र तयार गराउने। जिल्ला प्रशासन कार्यालयमा अपाङ्गताको मूल्याङ्कन गर्न आवश्यक डाक्टरको सेवा उपलब्ध गराउन स्वास्थ्य मन्त्रालयसित सहकार्य गर्ने।
- अपाङ्गता भएका बालबालिकाहरूलाई मासिकरूपमा दिइँदै आएको भत्तामा पुनरावलोकन गरी बढाउने।

स्वास्थ्य मन्त्रालय

- अपाङ्गता भएका बालबालिकाहरूका लागि उनीहरूको समुदायो नजिकै CRPD सित मिल्दोजुल्दो स्वास्थ्य सेवा उपलब्ध गराउने।

- शिक्षा मन्त्रालयसितको सहकार्यमा प्रारम्भिक सहयोग सेवा (Early Intervention Services), पूर्वप्राथमिक स्कूल र सङ्क्रमणलाई सहजीकरण गर्ने स्कूलहरूसितको सम्बन्ध स्थापना गर्ने।
- स्वास्थ्य कार्यकर्ता र अन्य स्वास्थ्य पेशाकर्मीहरूको विद्यमान तालीममा बालबालिका लगायत अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र प्रतिष्ठाको सम्मान कसरी गर्ने भन्ने जानकारी समेत समावेश गर्ने।
- अपाङ्गता भएका व्यक्तिहरू, खासगरी अपाङ्गता भएका बालबालिकाको दृष्टिकोण स्वास्थ्य कार्यक्रमको सबै पक्षमा प्रतिविम्बित होस् भन्ने उद्देश्यले योजना बैठकहरूमा अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूसित सहकार्य गर्ने।
- स्वास्थ्य सेवाको व्यवधान वा स्वास्थ्य सेवाका कर्मचारीहरूको दुर्व्यवहारका बारेमा उजुरी गर्ने प्रणालीलाई सहज र क्रियाशील बनाउने।

संविधान सभा

- संविधानको भेदभाव उन्मुक्ति सम्बन्धी व्यवस्थामा र भेदभाव विरोधी वशेष ऐन तथा कानूनी व्यवस्थाहरूमा अपाङ्गतालाई कुनै पनि सार्वजनिक वा निजी क्षेत्रबाट भेदभाव गर्न निषेधित क्षेत्रका रूपमा स्पष्टरूपले उल्लेख गर्ने।

संसद सदस्यहरू

- अपाङ्ग हित तथा संरक्षण ऐन २०३९ (१९८२) लगायत मुलुकमा विद्यमान सबै ऐन कानूनहरूको विस्तृत समीक्षा गरी, CRPD सित अनुकूल हुनेगरी तिनमा संशोधन गर्ने।
- अपाङ्गता भएका बालबालिकाको अधिकारको हननको प्रभावकारी उपचार उपलब्ध गराउने र ती उपचारका व्यवस्थाहरू अपाङ्गता भएका बालबालिका, तिनका आमाबाबु र/वा हेरचाह गर्ने व्यक्तिहरूले सहजताका साथ हासिल गर्नसक्ने व्यवस्था मिलाउने।
- ऐनकानून र नीति निर्माणका आधारहरूमा अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रयोग भएका हेयवोधक भाषा हटाउने।
- आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय घोषणापत्रको वैकल्पिक अभिसन्धी अनुमोदन गर्ने।
- अपाङ्गता भएका व्यक्तिहरूसित परामर्श गरी उनीहरूको दृष्टिकोणलाई प्रतिनिधित्व गर्ने।
- अपाङ्गता भएका व्यक्तिहरू तथा अन्य सीमान्तीकृत समुदायहरूसित सम्बन्धित विषयहरूको सुपरिवेक्षणका लागि संसदीय समिति स्थापना गर्ने।

राष्ट्रिय मानव अधिकार आयोग

- आयोगमा अपाङ्गता डेस्क स्थापना गर्ने वा सम्पर्क व्यक्ति नियुक्त गर्ने।
- उजुर दर्ता गर्न वा अन्य कुनै सहयोग माग्नका लागि आयोगमा आउने अपाङ्गता भएका बालबालिका वा तिनका आमाबुवाले आयोगको हातामा आउनमा कुनै व्यवधान नहोस्।
- अपाङ्गता भएका बालबालिकाहरूको अधिकार हननका घटनाको सक्रियतापूर्वक छानबिन गर्ने र प्राप्त सिफारिसहरूको कार्यान्वयनको अनुगमन गर्ने।
- अपाङ्गता भएका बालबालिकाहरूलाई केन्द्रमा राखेर अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको हननका बारेमा जनचेतना अभिवृद्धि गराउने।

बहुपक्षीय र द्विपक्षीय दाताहरू र राष्ट्रसंघीय निकायहरू

- प्रभावकारी योजना, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन एवम् सान्दर्भिक मन्त्रालयहरूबीचको सहकार्य बढाएर सहकार्य गरिरहेका सरकारहरूको समाहित शिक्षा लागू गर्ने क्षमता बढाउने।
- सरकारलाई अपाङ्गता भएका बालबालिकाहरूको भर्ना दर, कक्षा दोहोऱ्याउने दर र उत्तीर्ण दर आदिको तथ्याङ्क लिन र अलग अलग अपाङ्गताको तथ्याङ्कका रूपमा विश्लेषण गर्न प्रेरित गरेर समाहित शिक्षाको कार्यान्वयनको अनुगमन गर्ने।
- समाहित शिक्षाका लागि पर्याप्त आर्थिक स्रोत सुनिश्चित गर्ने। अपाङ्गता भएका बालबालिकाहरू र शिक्षाको अधिकार लगायतका उनीहरूका अधिकारहरूका बारेमा बुझ्नका लागि सरकार, अपाङ्गता भएकाहरूद्वारा सञ्चालित सङ्गठनहरू र गैरसरकारी संस्थाहरूलाई आर्थिक स्रोत उपलब्ध गराउन विचार गर्ने।
- जन्म दर्ता लगायत अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलनलाई बलियो बनाउने।
- अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यमान र भविष्यका कार्यक्रम र नीतिहरूमा एकीकरण गर्ने।
- उपयुक्त र सजिला समाहित शिक्षा सामग्रीहरूको विकास, वितरण र तिनका बारेमा जानकारी अभिवृद्धि र सर्वसाधारणको छलफलबाट समाहित शिक्षाको अवधारणाका बारेमा स्पष्टताको विकास गर्न शिक्षा मन्त्रालयलाई सहयोग गर्ने।
- दातृ निकायका कर्मचारीमा सबैका लागि शिक्षाको लक्ष्य हासिल गर्न शिक्षा मन्त्रालयलाई सहयोग गर्ने क्षमता छ छैन भन्ने कुरा सुनिश्चित गर्ने।

# पारिभाषिक शब्दहरू

**अटिजमः** बालबालिकामा सानैदेखि रहने अटिजम व्यक्तित्व विकासको एउटा खास अवस्था हो जसमा उनीहरूलाई सञ्चार गर्न, मानिसहरूसित सम्बन्ध स्थापना गर्न तथा भाषा र अमूर्त अवधारणाहरूको प्रयोग गर्नमा ठूलो कठिनाइ हुन्छ। अटिजमको कारण अज्ञात नै छ तर अनुसान्धाताहरू यो बाबुआमाको व्यवहार वा अन्य परिवेशजन्य कारणबाट नभई सामान्यतया केन्द्रिय स्नायु प्रणालीको समस्याबाट उत्पन्न हुन्छ भन्ने कुरामा विश्वास गर्छन्।[10]

**मस्तिष्कघात (सेरेब्रल पाल्सी):** मस्तिष्कघात भनेको जन्मनासाथ मस्तिष्कमा भएको अक्सिजनको कमी, जन्मका क्रममा भएको मस्तिष्कको चोटपटक वा भइरल सङ्क्रमणका कारण हुने मांशपेशीहरूको प्रभावकारितामा कमी र अङ्गहरूको दुर्बलताको स्थिति हो। यसमा प्रायः अङ्गसञ्चालनको प्रभावकारितामा कमी हुन्छ र कहिलेकाहीँ बोल्नमा वा सिक्नमा हुने कठिनाइहरू पनि देखिन्छन्।[11]

**विकास सम्बन्धी अपाङ्गताः** विकास सम्बन्धी अपाङ्गताले २२ वर्षको उमेरभन्दा अघि सुरु हुने र त्यसपछि जीवनपर्यन्त निरन्तर रहने कुनै पनि किसिमका अपाङ्गताहरूलाई समेट्छ।[12] यसले आफ्नो हेरचाह गर्ने क्षमता, भाषा, सिकाइ, अतिविधि, आत्मनिर्देशन, स्वावलम्बी जीवनचर्या वा आर्थिक आत्मनिर्भरता जस्ता एक वा एकभन्दा बढी किसिमका प्रमुख गतिविधिहरूलाई कमजोर/सीमित बनाउँछ।[13] यसमा डाउन सिन्ड्रोम जस्तो बौद्धिक अपाङ्गता पनि समाविष्ट हुन्छ भने संज्ञानात्मक दुर्बलता नहुन पनि सक्ने सेरेब्रल पाल्सी, अटिजम, छारेरोग र अन्य प्रकारका आघातात्मक समस्याहरूलाई पनि यसले समेट्छ। विकासका केही किसिमका अवरोध संवेद-दुर्वलता वा संज्ञानात्मक अपाङ्गता जस्ता शारीरिक मात्र हुन्छन्। यो बहुअपाङ्गताको परिणाम पनि हुनसक्छ। अटिजम चाहिँ प्रायः सिकाइका समस्यासित सम्बन्धित भए पनि वास्तवमा यो विकासको समस्या नै हो।

---

[10] Merriam-Webster's Medical Dictionary, 2007, http://dictionary.reference.com/browse/autism (accessed June 13, 2011). The American Heritage New Dictionary of Cultural Literacy, Third Edition, 2005, http://dictionary.reference.com/browse/autism (accessed June 13, 2011).

[11] Collins English Dictionary - Complete & Unabridged 10th Edition, 2009, http://dictionary.reference.com/browse/Cerebral+Palsy (accessed June 13, 2011). The American Heritage® Stedman's Medical Diction, 2002, http://dictionary.reference.com/browse/Cerebral+Palsy (accessed June 13, 2011).

[12] American Association on Intellectual and Developmental Disabiliies, “FAQ on Intellectual Disability,” 2011, http://www.aamr.org/content_104.cfm (accessed June 17, 2011). Merck Source: Online Medical Library, “Mental Retardation/Intellectual Disability,” October 2006,

[13] Centers for Disease Control and Prevention, “Developmental Disabilities,” October 29, 2004, http://www.cdc.gov/ncbddd/dd/ (accessed June 17, 2011).

**अपाङ्गता भएकाहरूद्वारा सञ्चालित सङ्गठनहरूः** अपाङ्गता भएकाहरूका सङ्गठनहरू भनेका अपाङ्गता भएका र प्रतिनिधिमूलकता, सहभागिता, समानता र अपाङ्गता भएका व्यक्तिहरूलाई एकताबद्ध गराउने काममा लागेका व्यक्तिहरूका औपचारिक समूह हुन्।[14]

**बौद्धिक अपाङ्गताः** "बौद्धिक अपाङ्गता" (जस्तै डाउन सिन्ड्रोम) भनेको बौद्धिक गतिविधि (तर्क, सिकाइ, समस्या समाधान) र दैनिक जीवनमा परिआउने सामाजिक र व्यावहारिक सीप जस्ता अनुकूलनीय व्यवहारहरूमा भएको स्पष्ट सीमितता हो। "बौद्धिक अपाङ्गता" विकासमा अवरोधको एउटा उपवर्ग हो तापनि यी दुईका बीचको सीमा रेखा स्पष्ट नभएकाले विविध कारणवश धेरै व्यक्तिहरू विभिन्न स्तरमा यी दुवै वर्गमा पर्न जान्छन्।

**सिकाइ सम्बन्धी अपाङ्गताः** सिकाइ सम्बन्धी अपाङ्गता भन्नाले प्रायः किताब पढ्ने, भाषा वा गणित जस्ता विशेष सीप सिक्नमा हुने कठिनाइ बुझिन्छ। त्यसले मानिसले देखेको वा सुनेको कुरालाई अर्थ्याउन वा सूचनालाई सान्दर्भिक गर्नमा व्यवधान पुऱ्याउँछ। सिकाइमा समस्या भएका बालबालिकाहरूमा ध्यान केन्द्रित गर्न नसक्ने वा साथीहरूसित मिल्न नसक्ने समस्या पनि हुन सक्छ। सिकाइका समस्या बौद्धिकता वा शैक्षिक अवसरसित सम्बन्धित कुरा होइन।

**मानसिक तथा मनोसामाजिक अपाङ्गताः** "मनोसामाजिक समस्या" भन्नाले अवसाद (डिप्रेसन), द्विध्रुवीय विकृति (बाइपोलार डिस्अर्डर) र विभ्रम (स्किजोफ्रेनिया) जस्ता मानसिक स्वास्थ्य समस्या बुझिन्छ। "मानसिक तथा मनोसामाजिक अपाङ्गता" मनोवैज्ञानिक अन्तरहरू र सामाजिक/ सांस्कृतिक व्यवहारको सीमा तथा समाजले मानसिक दुर्बलता भएका व्यक्तिहरूप्रति आरोपित गरेका लाञ्छना पनि हो।[15]

---

[14] Action on Disability and Development International, "Frequently Asked Questions: What are DPOs?," 2011, http://www.add.org.uk/faqs.asp (accessed June 13, 2011).

[15] World Network of Users and Survivors of Psychiatry, "Manual on Implementation of the Convention on the Rights of Persons with Disabilities," http://www.chrusp.org/home/resources (accessed August 4, 2011), p. 9.